# पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड, २०६६ (परिमार्जन-२०७५)

१. **पृष्ठभूमि :** पत्रपत्रिकाको वर्गीकरणसम्बन्धी कार्यलाई थप वस्तुनिष्ठ, व्यवस्थित र पारदर्शी बनाउन यससम्बन्धी मापदण्ड निर्माण गर्न आवश्यक देखिएकाले प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली, २०४९ को नियम ६ को उपनियम ६ बमोजिम यो मापदण्ड तर्जुमा गरी जारी गरिएको छ ।

२. **पत्रपत्रिकाको वर्गीकरण सम्बन्धी व्यवस्था :** प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० ले नेपालभर प्रकाशित पत्रपत्रिका वर्गीकरणका लागि पत्रपत्रिका वितरण सम्परीक्षण समिति गठन गर्ने व्यवस्था गरेको छ । दफा १० को उपदफा १ मा पत्रपत्रिका वर्गीकरणका निम्ति प्रेस रजिष्टारको अध्यक्षतामा सञ्चार मन्त्रालयका प्रतिनिधि, काउन्सिलका प्रतिनिधि, लेखा परीक्षण संघ, विज्ञापन संघ वा एजेन्सी तथा व्यापारिक वा औद्योगिक संस्थाबाट एक-एक जनाका दरले सरकारले मनोनित गरेका व्यक्ति सदस्य रहने गरी ६ सदस्यीय वितरण सम्परीक्षण समितिको व्यवस्था छ । उपदफा ३ मा समितिको सचिव काउन्सिलले तोकेका अधिकृत रहने उल्लेख छ । ऐनको दफा ११ मा समितिलाई पत्रपत्रिकाको वितरण स्थितिका आधारमा प्रकाशन सङ्ख्या निर्धारण गरी अद्यावधिक अभिलेख राख्ने र प्रकाशन सङ्ख्यासमेतका आधारमा पत्रपत्रिकाको वर्गीकरण गर्ने काम, कर्तव्य र अधिकार तोकिएको छ । यसैगरी छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा ३५ मा तोकिएको अधिकारीले पत्रपत्रिकालाई तोकिएको आधारमा श्रेणी विभाजन गर्न सक्नेछ । यसरी श्रेणी विभाजन गर्नु पर्दा तोकिएको अधिकारीले प्रेस काउन्सिल नेपालको परामर्श लिनु पर्ने व्यवस्था रहेको छ ।

३. **वर्गीकरणका निम्ति मापदण्ड निर्धारण :** प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० बमोजिम गठित वितरण सम्परीक्षण समितिले कानुनतः पत्रपत्रिकाको वर्गीकरण गर्ने जिम्मेवारी प्राप्त गरेपनि प्रेस काउन्सिल ऐन, २०४८ र प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली २०४९ मा पत्रपत्रिकाको वर्गीकरण गर्ने विधि एवं प्रकृया बारे स्पष्ट व्यवस्था नभएकाले प्रेस काउन्सिल ( कार्यव्यवस्था) नियमावली, २०४९ को नियम ६ को उपनियम ६ बमोजिम पहिलो पटक वि.सं. २०५५ मा काउन्सिलद्वारा पत्रपत्रिका वर्गीकरण मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको थियो । सापेक्षरुपमा सुधार गरी यो मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

४. **मापदण्डमा परिमार्जनको आवश्यकता :** पत्रपत्रिका वर्गीकरण गर्दै गरेको अनुभव, विभिन्न क्षेत्र र विज्ञहरूबाट प्राप्त सुझाव र देशमा भएको संघीयतासमतेको व्यवस्थालाई मध्यनजर गरी मापदण्डलाई थप वस्तुनिष्ठ, व्यवस्थित र वैज्ञानिक बनाउन पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड परिमार्जन गर्न आवश्यक भएको हो ।

५. **वर्गीकरण पद्धति :** पत्रपत्रिका वर्गीकरण कार्यलाई राष्ट्रिय, प्रदेश र स्थानीय गरी तीन स्तरमा विभाजन गरिएको छ । प्रदेश र स्थानीय स्तरको वर्गीकरणका लागि कानुनी रुपमै छुट्टै संयन्त्र नबन्दासम्म तीनवटै तहको वर्गीकरण वितरण सम्परीक्षण समितिले गर्नेछ । तर प्रदेश र स्थानीय तहमा पत्रपत्रिकाको प्रकाशन र वितरणको अवस्थाबारे बुझी प्रतिवेदन पेश गर्न काउन्सिलले प्रदेश वा स्थानीय स्तरका कुनै निकाय वा समितिलाई जिम्मा दिन सक्नेछ । वर्गीकरण गर्दा देहायअनुसार गरिने छ ।

५.१. **राष्ट्रिय स्तरको वर्गीकरण :** नेपालभरि बिक्री वितरण हुने पत्रपत्रिका

५.२. **प्रदेश स्तरको वर्गीकरण :** प्रदेशस्तरमा बिक्री वितरण हुने पत्रपत्रिका

५.३. **स्थानीय स्तरको वर्गीकरण :** जिल्ला वा स्थानीय तहभित्र बिक्री वितरण हुने पत्रपत्रिका (स्थानीय तह भन्नाले जिल्लालाई जनाउने छ ।)

६. **वर्गीकरणका लागि आवेदन दिनुपर्ने :** प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली २०४९ को दफा ५ को व्यवस्था अनुसार वर्गीकृत हुन चाहने सबै पत्रपत्रिकाका प्रकाशकले दर्ता नविकण, कर चुक्ता प्रमाणपत्र र लेखा परिक्षण प्रतिवेदनसमेतका विवरणहरूसहितको आवेदन वितरण सम्परीक्षण समितिसमक्ष दिनुपर्ने छ। मापदण्डमा तोकिएबमोजिमको दस्तुर तिरी तोकिएको ढाँचाको फाराम भरी आवेदन दिनुपर्नेछ । पेश गरिएको विवरण झुठ्ठा भनी कसैले उजुरी दिएमा त्यसमाथि छानविन गर्दा उपलब्ध गराइएको विवरण झुठ्ठा ठहरेमा प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली, २०४९ को दफा ६ बमोजिम समितिले झुठ्ठा विवरण दिनेको सूचीमा सूचिकृत गरी पाइरहेको सुविधासमेत कम्तीमा ५ वर्षदेखि बढीमा १० वर्षसम्मका लागि रोक्का गर्नका लागि सिफारिस गर्नेछ ।

७. **प्रकाशन सङ्ख्या निर्धारण गरी अभिलेख अद्यावधिक गर्ने :** प्रेस काउन्सिल ऐन, २०४८ को दफा ११ (क) को व्यवस्था बमोजिम वितरण सम्परीक्षण समितिले आवेदन दिने पत्रपत्रिकाको हरेक आर्थिक वर्षमा वितरण स्थितिका आधारमा प्रकाशन सङ्ख्याको एकिन गरी अभिलेख अद्यावधिक गर्नेछ । प्रकाशन सङ्ख्या एकिन गर्न आवश्यकता अनुसार बजार र प्रेसको अनुगमनसमेत गर्न सकिने छ ।

८. **स्तर (वर्ग) विभाजन :** प्रेस काउन्सिल ऐन, २०४८ को दफा ११ (ख) को व्यवस्थाबमोजिम वितरण सम्परीक्षण समितिले प्रकाशन र वितरण सङ्ख्यासमेतका आधारमा मापदण्डमा तोकिएको विधि र प्रक्रिया बमोजिम पत्रपत्रिकाको वर्गीकरण गरी स्तर विभाजन गर्नेछ । पत्रपत्रिकाको श्रेणी विभाजन गर्दा सामान्यतः 'क', 'ख', 'ग' र 'घ' वर्ग गरी चार वर्गमा विभाजन गरिने छ । २० हजारभन्दा बढीप्रति छापिने साथै ८५ प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गर्ने पत्रपत्रिकालाई 'क+' मानिने छ र त्यस्तो पत्रिकाले पनि 'क' श्रेणीकै सुविधा पाउनेछ । वर्गीकरणमा समावेश नभएका पत्रिका सरकारी कोष (नेपाल सरकारका विभिन्न निकाय, संस्थान, प्राधिकरण, समिति आदि) बाट भुक्तानी हुने कुनै पनि विज्ञापन प्रकाशन गर्न योग्य मानिने छैनन् ।

९. **मूल्याङ्कन/वर्गीकरणमा पर्न आवश्यक न्यूनतम् आधार :** कुनै पनि पत्रिका वर्गीकरणमा समावेश हुन छापाखाना तथा प्रकाशन सम्बन्धी नियमावली २०४९ को नियम ७ (२) बमोजिम एक वर्षमा न्यूनतम् देहायको अङ्क प्रकाशित भएको हुनु पर्दछ :

| | |
|---|---|
| (क) दैनिक समाचारपत्र | ३०० अङ्क |
| (ख) अर्धसाप्ताहिक समाचारपत्र | ८० अङ्क |
| (ग) साप्ताहिक समाचारपत्र | ४० अङ्क |
| (घ) पाक्षिक समाचारपत्र | २० अङ्क |
| (ङ) मासिक समाचारपत्र | १० अङ्क |
| (च) द्वैमासिक र त्रैमासिक समाचारपत्र | ४ अङ्क |

अवधि गणना गर्दा प्रत्येक आर्थिक वर्षको साउन १ गतेदेखि असार मसान्तसम्मको अवधिलाई गणना गरिने छ ।

माथि उल्लेखित न्यूनतम् अङ्क प्रकाशित नगर्ने पत्रपत्रिकालाई वर्गीकरणमा समावेश गरिने छैन । पत्रिका नियमित प्रकाशन भएको आर्थिक वर्ष पूरा भएपछि मात्र समितिको मूल्याङ्कनमा पर्नेछ ।

१०. **आवेदन, फाराम र शुल्क :**

१०.१. **आवेदन दिनुपर्ने :** वर्गीकरणमा समावेश हुने पत्रिकाको आवेदन फाराम भर्न प्रत्येक आर्थिक वर्षमा ३० दिनको अवधि दिई सूचना प्रकाशन गरिनेछ । वर्गीकरणमा समावेश हुन चाहने पत्रपत्रिकाले सो अवधिभित्र दफा ५ अनुसार निर्दिष्ट गरिएको राष्ट्रिय स्तर, प्रदेश स्तर र स्थानीय स्तरमध्ये कुनै एक स्तरको मात्र फाराम भरी आवेदन दिनुपर्नेछ र दोब्बर दस्तुर तिरेर म्याद समाप्त भएको मितिले सातौं दिनसम्म आवेदन दिन सकिनेछ ।

१०.२. **वितरण फाराम :** वितरण सम्परीक्षण समितिले सम्परीक्षण मूल्याङ्कनको निम्ति आवेदन दिने पत्रपत्रिकाको मात्र प्रकाशन र वितरणको सम्परीक्षण एवं मूल्याङ्कन गर्नेछ । आवेदन फारामको ढाँचा अनुसची-२, ३, ४ र ५ बमोजिम हुनेछ । यो फाराम काउन्सिलको वेवसाईटबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । सङ्गीत, कला र सस्कृतिप्रधान पत्रपत्रिकाको लागि समेत अनुसूची ५ अनुसारको फाराम प्रयोग हुनेछ । पत्रपत्रिकाहरूले वितरण सम्परीक्षण समितिद्वारा निर्धारण गरिएको वितरण फारामको ढाँचामा मात्र आवेदन दिनुपर्नेछ। आवदेन दिनका लागि हरेक आर्थिक वर्षको साउनदेखि असार मसान्तसम्मको विवरणको लेखा परीक्षण गराई छपाई, बिक्रि तथा वितरण विवरण पेश गर्नुपर्ने छ । वितरण सम्परीक्षणको आवेदन फाराम अनलाइनबाट भर्न सकिने गरी व्यवस्था गर्न सकिने छ । अनलाइनबाट भर्न सकिने भएमा सोको व्यहोरा सूचनामा स्पष्ट खुलाइनु पर्नेछ ।

१०.३. **शुल्क : वर्गीकरणमा सहभागी हुन चाहने पत्रपत्रिकाले वर्गीकरणको आवेदन फारामसाथ देहायबमोजिमको दर्ता तथा प्रमाणपत्र शुल्क बुझाउनु पर्नेछ ।**

१. राष्ट्रिय स्तरको वर्गीकरणमा समावेश हुन चाहने दैनिक पत्रिकाले रु. ५०००।-(पाँच हजार) र अन्य पत्रपत्रिकाले रु. ४०००।- (चार हजार) ।

२. प्रदेश स्तरको वर्गीकरणमा समावेश हुन चाहने दैनिक पत्रिकाले रु. ३५००।- (तीन हजार पाँच सय) र अन्य पत्रपत्रिकाले रु. ३०००। (तीन हजार) ।

३. स्थानीय स्तरको वर्गीकरणमा समावेश हुन चाहने दैनिक पत्रिकाले रु. २५००।- (दुई हजार पाँच सय) र अन्य पत्रपत्रिकाले रु. २०००।- (दुई हजार) ।

४. साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिकाको हकमा माथि उल्लेखित शुल्कमा ५० प्रतिशत छुट हुनेछ ।

५. वर्गीकरणको फाराम प्रेस काउन्सिल नेपालको सचिवालयमा नगद तिरेको रसिदसहित दर्ता गराउन सकिने छ। यसबाहेक काउन्सिलको बैंक खातामा रकम जम्मा गरेको भौचर वा काउन्सिलको नाममा खिचिएको बैंक ड्राफ्ट संलग्न गरी कुरियरबाट र बैंक भौचर स्क्यान गरी काउन्सिलको इमेल ठेगानाबाट पनि फर्म भरी दर्ता गराउन सकिने छ।

**११. वर्गीकरण र सिफारिश नगरिने :**

११.१. वर्गीकरणका निमित्त आवेदन दिएको पत्रपत्रिका प्रष्टसँग प्रिन्टिङ प्रेसबाट तोकिएअनुसारको साइज र आकारमा छापिएको हुनुपर्ने छ। अन्यथा वर्गीकरणमा समावेश गरिने छैन।

११.२. संस्थागत पत्रिकाको हकमा कुनै दाताको सहयोगमा वा आफ्नो संस्थाको प्रचार वा प्रवर्द्धनको उद्देश्यले प्रकाशित भएको भए वर्गीकरणमा समावेश गरिएता पनि लोककल्याणकारी विज्ञापनबापतको सुविधा उपलब्ध गराउन सिफारिश गरिने छैन।

११.३. समाचारलाई सम्पादकीय भनी उल्लेख गर्ने, प्रायः जसो समाचार सामग्री विभिन्न पत्रपत्रिकाबाट साभार गर्ने, विभिन्न न्यूज एजेन्सीको समाचार सामग्री मात्र उल्लेख गर्ने वा ५० प्रतिशतभन्दा बढी आफ्नो मौलिक सामग्री प्रस्तुत नगर्ने पत्रपत्रिकालाई पनि वर्गीकरणमा समावेश गरिने छैन।

११.४. एकै व्यक्ति वा एकाघर परिवारका प्रकाशक वा सम्पादक भई एकै प्रकृति र भाषाको एकभन्दा बढी पत्रिका प्रकाशित गरी वर्गीकरण मूल्याङ्कनभएको अवस्थामा लोककल्याणककारी विज्ञापन प्रयोजनको लागि एउटा मात्र पत्रिकाको सिफारिस गरिने छ।

११.५. अन्यथा उल्लेख भएकोमा बाहेक स्थानीय स्तरको पाँच सय, प्रादेशिक स्तरको एक हजार र राष्ट्रिय स्तरको तीन हजार प्रतिभन्दा कमप्रति छापी विक्री वितरण गर्ने पत्रिकालाई वर्गीकरणमा समावेश गरिने छैन। तर, पत्रकारिताको विकासका निम्ति भौतिक पूर्वाधारका दृष्टिले पछि परेका जिल्लाहरूबाट प्रकाशित हुने पत्रपत्रिका स्थानीय तहको वर्गीकरणको लागि आवेदन गरेका हकमा न्यूनतम् तीन सयप्रति छापिने रहेछ भने पनि वर्गीकरणमा समावेश गरिने छ।

**१२. राष्ट्रिय स्तर, प्रदेश स्तर र स्थानीय स्तर अन्तरगत विभिन्न वर्गमा वर्गीकृत हुन आवश्यक अन्य आधारहरू :**

**१२.१. राष्ट्रिय स्तरको वर्गीकरणका लागि निवेदन दिने पत्रपत्रिकाहरूले देहायबमोजिमका आधारहरू पूरा गरेको हुनु पर्नेछ :**

**'क' वर्ग**

१. नेपालका सबै प्रदेश समेटिने गरी ४० प्रतिशत (३१ जिल्ला) वा सोभन्दा बढी जिल्लामा विक्री वितरण भएको हुनुपर्ने,
२. भौगोलिक, जातीय, लैङ्गिक, सामाजिक विविधता, बहुलता आदि विषयवस्तु समेटिने गरी समाचारहरू प्रकाशन भएको हुनुपर्ने,
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनुपर्ने,
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरू, जस्तै : कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्वारा जारी कर बिजक, पत्रिका पठाइएका बिक्री केन्द्रहरूको पूर्ण विवरण, सिधैं ग्राहकलाई बिक्री गरेकोमा सोबापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आर्थिक वर्षको लेखापरीक्षक प्रतिवेदन र कर चुक्ताको प्रमाण आदि निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनुपर्ने।

**'ख' वर्ग**

१. नेपालका सबै प्रदेश समेटिने गरी २५ प्रतिशत (२० जिल्ला) वा सोभन्दा बढी जिल्लामा बिक्री वितरण भएको हुनु पर्ने,
२. भौगोलिक, जातीय, लैङ्गिक, सामाजिक विविधता, बहुलता आदि विषयवस्तु समेटिने गरी समाचारहरू प्रकाशन भएको हुनुपर्ने,
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनुपर्ने,
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरू, जस्तैः कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्वारा जारी कर बिजक, पत्रिका पठाइएका बिक्री केन्द्रहरूको पूर्ण विवरण, सिधैं ग्राहकलाई बिक्री गरेकोमा सोबापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आर्थिक वर्षको लेखापरीक्षक प्रतिवेदन र कर चुक्ताको प्रमाण आदि निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनुपर्ने।

**'ग' वर्ग**

१. नेपालका कम्तिमा पाँच प्रदेश समेटिने गरी १२ जिल्ला वा सोभन्दा बढी जिल्लामा विक्री वितरण भएको हुनु पर्ने,
२. भौगोलिक, जातीय, लैङ्गिक, सामाजिक विविधता, वहुलता आदि विषयवस्तु समेट्ने गरी समाचारहरू प्रकाशन भएको हुनुपर्ने,
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनुपर्ने,

४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरू, जस्तैः कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्वारा जारी कर बिजक, पत्रिका पठाइएका बिक्री केन्द्रहरूको पूर्ण विवरण, सिधैं ग्राहकलाई बिक्री गरेकोमा सोबापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आर्थिक वर्षको लेखापरीक्षक प्रतिवेदन र कर चुक्ताको प्रमाण आदि निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनुपर्ने ।

**'घ' वर्ग**

१. नेपालका कम्तिमा चार प्रदेश समेटिने गरी ८ जिल्ला वा सोभन्दा बढी जिल्लामा  बिक्री वितरण भएको हुनु पर्ने,
२. भौगोलिक, जातीय, लैङ्गिक, सामाजिक विविधता, वहुलता आदि विषयवस्तु समेट्ने गरी समाचारहरू प्रकाशन भएको हुनुपर्ने,
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनुपर्ने,
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरू, जस्तैः कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्वारा जारी करबिजक, पत्रिका पठाइएका बिक्री केन्द्रहरूको पूर्ण विवरण, सिधैं ग्राहकलाई बिक्री गरेकोमा सोबापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आर्थिक वर्षको लेखापरीक्षक प्रतिवेदन र कर चुक्ताको प्रमाण आदि निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनुपर्ने ।

**१२.२ प्रदेश स्तरको वर्गीकरणका लागि निवेदन दिने पत्रपत्रिकाहरूले देहायबमोजिमका आधारहरू पूरा गरेको हुनु पर्नेछ :**

**'क' वर्ग**

१. सो प्रदेशका ५१ प्रतिशत वा सोभन्दा बढी जिल्लामा बिक्री वितरण भएको हुनुपर्ने,
२. भौगोलिक, जातीय, लैङ्गिक, सामाजिक विविधता, वहुलता आदि विषयवस्तु समेट्ने गरी समाचारहरू प्रकाशन भएको हुनुपर्ने,
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनुपर्ने,
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरू, जस्तैः कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्वारा जारी करबिजक, पत्रिका पठाइएका बिक्री केन्द्रहरूको पूर्ण विवरण, सिधैं ग्राहकलाई बिक्री गरेकोमा सोबापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आर्थिक वर्षको लेखापरीक्षक प्रतिवेदन र कर चुक्ताको प्रमाण आदि निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनुपर्ने ।

**'ख' वर्ग**

१. सो प्रदेशका कम्तिमा ४० प्रतिशत वा सो भन्दा बढी जिल्लामा बिक्री वितरण भएको हुनुपर्ने,
२. भौगोलिक, जातीय, लैङ्गिक, सामाजिक विविधता, वहुलता आदि विषयवस्तु समेट्ने गरी समाचारहरू प्रकाशन भएको हुनुपर्ने,
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनुपर्ने,
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरू, जस्तैः कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्वारा जारी करबिजक, पत्रिका पठाइएका बिक्री केन्द्रहरूको पूर्ण विवरण, सिधैं ग्राहकलाई बिक्री गरेकोमा सोबापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आर्थिक वर्षको लेखापरीक्षक प्रतिवेदन र कर चुक्ताको प्रमाण आदि निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनुपर्ने ।

**'ग' वर्ग**

१. सो प्रदेशका कम्तिमा २५ प्रतिशत वा सो भन्दा बढी जिल्लामा बिक्री वितरण भएको हुनुपर्ने,
२. भौगोलिक, जातीय, लैङ्गिक, सामाजिक विविधता, वहुलता आदि विषयवस्तु समेट्ने गरी समाचारहरू प्रकाशन भएको हुनुपर्ने,
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनुपर्ने,
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरू, जस्तैः कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्वारा जारी करबिजक, पत्रिका पठाइएका बिक्री केन्द्रहरूको पूर्ण विवरण, सिधैं ग्राहकलाई बिक्री गरेकोमा सोबापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आर्थिक वर्षको लेखापरीक्षक प्रतिवेदन र कर चुक्ताको प्रमाण आदि निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनुपर्ने ।

**'घ' वर्ग**

१. सो प्रदेशका कम्तिमा १५ प्रतिशत वा सोभन्दा बढी जिल्लामा बिक्री वितरण भएको हुनुपर्ने,
२. भौगोलिक, जातीय, लैङ्गिक, सामाजिक विविधता, वहुलता आदि विषयवस्तु समेट्ने गरी समाचारहरू प्रकाशन भएको हुनुपर्ने,
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनुपर्ने,
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरू, जस्तैः कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्वारा जारी करबिजक, पत्रिका पठाइएका बिक्री केन्द्रहरूको पूर्ण विवरण, सिधैं ग्राहकलाई बिक्री गरेकोमा सोबापत आम्दानी भएको

प्रमाणित विवरण, सम्बन्धित आर्थिक वर्षको लेखापरीक्षक प्रतिवेदन र कर चुक्ताको प्रमाण आदि निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनुपर्ने ।

**१२.३ स्थानीय स्तरको वर्गीकरणका लागि निवेदन दिने पत्रपत्रिकाहरूले देहाय बमोजिमका आधारहरू पूरा गरेको हुनु पर्नेछ :**

'क' वर्ग

१. जिल्लास्थित विभिन्न बिक्रीकेन्द्रबाट बिक्री वितरण हुनुको साथै जिल्लाका ७५ प्रतिशत वा सो भन्दा बढी स्थानीय तहमा पुगेको हुनुपर्ने,
२. भौगोलिक, जातीय, लैङ्गिक, सामाजिक विविधता, वहुलता आदि विषयवस्तु समेट्ने गरी समाचारहरू प्रकाशन भएको हुनुपर्ने,
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनुपर्ने,
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरू, जस्तैः कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्वारा जारी करबिजक, पत्रिका पठाइएका बिक्री केन्द्रहरूको पूर्ण विवरण, सिधैं ग्राहकलाई बिक्री गरेकोमा सोबापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आर्थिक वर्षको लेखापरीक्षक प्रतिवेदन र कर चुक्ताको प्रमाण आदि निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनुपर्ने ।

'ख' वर्ग

१. जिल्लास्थित विभिन्न बिक्रीकेन्द्रबाट बिक्री वितरण हुनुको साथै जिल्लाका ६० प्रतिशत वा सो भन्दा बढी स्थानीय तहमा पुगेको हुनुपर्ने,
२. भौगोलिक, जातीय, लैङ्गिक, सामाजिक विविधता, वहुलता आदि विषयवस्तु समेट्ने गरी समाचारहरू प्रकाशन भएको हुनुपर्ने,
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनुपर्ने,
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरू, जस्तैः कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्वारा जारी करबिजक, पत्रिका पठाइएका बिक्री केन्द्रहरूको पूर्ण विवरण, सिधैं ग्राहकलाई बिक्री गरेकोमा सोबापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आर्थिक वर्षको लेखापरीक्षक प्रतिवेदन र कर चुक्ताको प्रमाण आदि निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनुपर्ने ।

'ग' वर्ग

१. जिल्लास्थित विभिन्न बिक्रीकेन्द्रबाट (जिल्ला सदरमुकामसमेत) बिक्री वितरण हुनुको साथै जिल्लाका ४५ प्रतिशत वा सो भन्दा बढी स्थानीय तहमा पुगेको हुनुपर्ने,
२. भौगोलिक, जातीय, लैङ्गिक, सामाजिक विविधता, वहुलता आदि विषयवस्तु समेट्ने गरी समाचारहरू प्रकाशन भएको हुनुपर्ने,
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनुपर्ने,
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरू, जस्तैः कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्वारा जारी करबिजक, पत्रिका पठाइएका बिक्री केन्द्रहरूको पूर्ण विवरण, सिधैं ग्राहकलाई बिक्री गरेकोमा सोबापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आर्थिक वर्षको लेखापरीक्षक प्रतिवेदन र कर चुक्ताको प्रमाण आदि निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनुपर्ने ।

'घ' वर्ग

१. जिल्लास्थित विभिन्न बिक्रीकेन्द्रबाट बिक्री वितरण हुनुको साथै जिल्लाका ३० प्रतिशत वा सो भन्दा बढी स्थानीयतहमा पुगेको हुनुपर्ने,
२. भौगोलिक, जातीय, लैङ्गिक, सामाजिक विविधता, वहुलता आदि विषयवस्तु समेट्ने गरी समाचारहरू प्रकाशन भएको हुनुपर्ने,
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनुपर्ने,
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरू, जस्तैः कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्वारा जारी करबिजक, पत्रिका पठाइएका बिक्री केन्द्रहरूको पूर्ण विवरण, सिधैं ग्राहकलाई बिक्री गरेकोमा सोबापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आर्थिक वर्षको लेखापरीक्षक प्रतिवेदन र कर चुक्ताको प्रमाण आदि निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनुपर्ने ।

१३. **विषयगत अङ्क विभाजन** (पूर्णाङ्क १००) : पत्रपत्रिकाको विभिन्न पक्षको मूल्याङ्कनको निम्ति १०० पूर्णाङ्क राखिएको छ। वितरण परिमाणको निम्ति ३० र निरन्तरता १० (वर्षको ५ र अङ्कको ५) गरी पहिलो समूहमा कूल ४० अङ्क, दोस्रो समूहमा आचारसंहिताको २० अङ्क र तेस्रो समूहमा विषयवस्तु १०, सम्पादकीय १०, छपाई, साइज, फोटो, साजसज्जा, अनलाइन वेभ ५, खोजी, मौलिकता र विविधता १०, भाषा र प्रस्तुति ५ गरी कूल ४० अङ्क कायम गरिएको छ।

**१३.१. पत्रपत्रिकाको सम्परीक्षण मूल्याङ्कन देहायबमोजिम गरिने छः**

**(क) प्रथम समूह**

| क्र.सं. | पत्रिकाको नाम | वितरण परिमाण | निरन्तरता | | जम्मा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | वर्ष | अङ्क | | |
| १ | | ३० | ५ | ५ | ४० | |

**(ख) दोस्रो समूह**

| क्र.सं. | पत्रिकाको नाम | आचारसंहिता | जम्मा | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | | २० | २० | |

**(ग) तेस्रो समूह**

| क्र.सं. | पत्रिकाको नाम | विषयवस्तु | सम्पादकीय | छपाई, साइज, फोटो, साजसज्जा, अनलाइन वेभसाइड | खोजी, मौलिकता, विविधता | भाषा र प्रस्तुति | जम्मा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|
| १ | | १० | १० | ५ | १० | ५ | ४० | |

तेस्रो समूहको मूल्याङ्कनका लागि काउन्सिलले पत्रकारिताका अनुभवी, विषयवस्तुका ज्ञाता, विधागत क्षेत्र र विभिन्न भाषाभाषी सम्बद्ध सञ्चार विज्ञहरूको 'विशेषज्ञ सूची' तयार पारी प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र अद्यावधिक गर्नेछ र त्यही सूचीबाट सम्परीक्षण समितिले विशेषज्ञ नियुक्त गरी तोकिएको मापदण्डबमोजिम पत्रपत्रिकाको मूल्याङ्कन गराइने छ।

**१४. विभिन्न वर्गमा पर्नको निम्ति आवश्यक पर्ने प्राप्ताङ्क**

पत्रपत्रिका वितरण सम्परीक्षणको मूल्याङ्कन गर्दा देहायबमोजिम अङ्क प्राप्त गर्ने पत्रपत्रिकालाई देहायको वर्गमा समावेश गरिने छ :

| क्र.सं. | प्राप्ताङ्क | वर्ग |
|---|---|---|
| १ | ८५ वा सो भन्दामाथि | 'क+' |
| २ | ६५ देखि ८४ सम्म | 'क' |
| ३ | ५० देखि ६४ सम्म | 'ख' |
| ४ | ३५ देखि ४९ सम्म | 'ग' |
| ५ | २५ देखि ३४ सम्म | 'घ' |

अन्तिम योगफलमा दशमलव पछि आउने सङ्ख्या ०.५० वा सोभन्दा माथि भए माथिल्लो अङ्क पाउने छ र त्यसैका आधारमा वर्ग कायम गरिने छ। जस्तैः अन्तिम योगफल ६४.५० वा सोभन्दा बढी दशमलब भए ६५ अङ्क कायम गरी 'क' वर्गमा वर्गीकृत गरिनेछ।

पत्रपत्रिका वर्गीकरणको लागि मूल्यांकनका निमित्त निर्धारित १०० पूर्णांकमा २५ अङ्क प्राप्त गर्न नसक्ने पत्रिकालाई नियमित प्रकाशनको सूचीमा मात्र समावेश गरिनेछ । तर सुविधाको लागि सिफारिस गरिने छैन ।

**१५. वितरण सङ्ख्या परीक्षण विधि :**

१५.१. बिक्री वितरणको प्रामाणिकताका लागि पत्रपत्रिकाका सम्बन्धित प्रकाशकले वितरण फाराममा यो मापदण्डबमोजिम वा वितरण फाराममा संलग्न गर्नुपर्ने भनी उल्लेख गरिएका विवरणहरू अनिवार्य रुपमा संलग्न गरेको हुनु पर्दछ ।

१५.२. पत्रिकाले सम्बन्धित आर्थिक वर्षमा गरेको आयव्ययको लेखापरीक्षण गराई लेखापरीक्षणको प्रतिवेदन र अघिल्लो वर्षको कर चुक्ता विवरणसमेत फारामसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ । छपाई, बिक्री वितरण भएको सङ्ख्या र आयव्यय आदि लेखापरीक्षकबाट फारममा तोकिएको ढाँचामा प्रमाणित गराएको समेत हुनुपर्नेछ ।

१५.३. वितरण परिमाण बापतको नम्वर दिँदा सचिवालयले बिक्री वितरण भएको सङ्ख्या र वितरण भएका स्थानहरूलाई आधार मान्नेछ । यसमा आवश्यकता अनुसार स्थानीय निकाय, स्थानीय प्रशासन र स्थानीय उद्योग वाणिज्य संघ, सञ्चार केन्द्र, नेपाल पत्रकार महासंघको स्थानीय शाखा, जिल्ला वा प्रदेश स्तरका पत्रपत्रिका बिक्री एजेन्ट, थोक विक्रेता आदिसँग वितरण सङ्ख्या र स्थानको यथार्थता परीक्षण (Cross check) गर्न सक्नेछ ।

१५.४. प्रकाशकले दावी गरेको वितरण परिमाणको सङ्ख्यालाई वितरण सम्परीक्षण समितिको वेब साइटमार्फत् सार्वजनिक गरिने छ । कुनै कारणबस प्रकाशकको दावी भूठो ठहरिएमा सम्बन्धित समितिले वर्गीकरणबाट हटाउने छ ।

१५.५. वितरण सङ्ख्या यकिन गर्ने सन्दर्भमा सम्बन्धित समितिले आवश्यकताअनुसार प्रेस निरीक्षण तथा बजार सर्वेक्षण गर्नेछ । निरीक्षणमा सहयोग नगरेको खण्डमा वितरणको अङ्कशून्य दिइने छ ।

**१६. समाचारको खोजी, मौलिकता र विविधताको मूल्याङ्कन :**

पत्रिकाहरूलाई समाचार सामग्री प्रकाशन गरेको आधारमा मूल्याङ्कन गरिने भएकोले दैनिक भए ३० अङ्क, साप्ताहिक भए १० अङ्क र मासिक, पाक्षिक, द्वैमासिक तथा त्रैमासिक भए सबै अङ्क हेरी समाचारको खोजी, मौलिकता र अर्न्तवस्तुमा विविधता भए नभएको आधारमा १० नम्बरलाई पूर्णाङ्क मानी तलको तालिका अनुसार नम्वर दिइनेछ । यसरी मूल्याङ्कन गर्दा समाचार/विश्लेषणमा मौलिकता/नयाँपन र विशिष्टतता, खोज अनुसन्धानमूलक, समाचार विश्लेषण/टिप्पणी आदिमा विधागत र लेखकीय विविधता रहे नरहेको हेर्नु पर्नेछ ।

| क्र.सं. | विविधताको प्रतिशत | पूर्णाङ्क |
|---|---|---|
| १ | २० प्रतिशतभन्दा कम भएमा | १ |
| २ | ३० प्रतिशतसम्मको लागि | २ |
| ३ | ४० प्रतिशतसम्मको लागि | ३ |
| ४ | ५० प्रतिशतसम्मको लागि | ४ |
| ५ | ६० प्रतिशतसम्मको लागि | ५ |
| ६ | ७० प्रतिशतसम्मको लागि | ६ |
| ७ | ८० प्रतिशतसम्मको लागि | ८ |
| ८ | ८० प्रतिशतभन्दा बढी भएमा | १० |

**१७. विभिन्न पक्ष वा आधारहरूको मूल्याङ्कनगर्ने तरिका** : पत्रपत्रिकाको वितरण सम्परीक्षण मूल्याङ्कन गर्दा निर्धारित मापदण्डअनुसार देहायको अङ्क प्रदान गरिने छ :

**१७.१. वितरण परिमाण बापत प्राप्ताङ्क** : वितरण परिमाणको निम्ति छापिएर वितरण भएको सङ्ख्या र वितरण भएको क्षेत्रलाई आधार बनाएर अङ्क प्रदान गरिनेछ । यसरी अङ्क दिँदा ३० पूर्णाङ्क मध्ये २० अङ्क छापिएर वितरण भएको सङ्ख्याका लागि र १० अङ्क वितरण भएको क्षेत्रलाई आधार बनाइनेछ ।

१७.२. वितरण परिमाणको निम्ति देहायको अङ्क दिइनेछ :

क. राष्ट्रिय स्तर :

| क्र.सं. | वितरण परिमाण बापत प्राप्ताङ्क |
|---|---|
| १ | ३००० देखि ५००० सम्मको लागि प्रत्येक १००० (एक हजार) प्रतिको निम्ति २ अङ्कका दरले अधिकतम् १० अङ्क |
| २ | ५००० देखि १५००० सम्मको लागि प्रत्येक १००० (एक हजार) प्रतिको निम्ति ०.६ अङ्कका दरले अधिकतम् ६ अङ्क |
| ३ | १५००० देखि २५००० सम्मको लागि प्रत्येक १००० (एक हजार) प्रतिको निम्ति ०.३ अङ्कका दरले अधिकतम् ३ अङ्क |
| ४ | २५००० हजार वा सो भन्दा माथि छापिने पत्रपत्रिकाका लागि एकमुष्ट २० अङ्क |

ख. प्रदेश स्तर :

| क्र.सं. | वितरण परिमाण बापत प्राप्ताङ्क |
|---|---|
| १ | पहिलो १००० (न्यूनतम्) को लागि १० अङ्क |
| २ | १५०० सम्मका लागि  १५ अङ्क |
| ३ | २००० सम्मका लागि १७.५ अङ्क |
| ४ | २५०० सम्मका लागि १९ अङ्क |
| ५ | २५०० भन्दा माथि २० अङ्क |

ग. स्थानीय स्तर :

| क्र.सं. | वितरण परिमाण बापत प्राप्ताङ्क |
|---|---|
| १ | पहिलो ५०० (भौतिक पूर्वाधारका दृष्टिले पछि परेका जिल्लाहरूमा न्यूनतम् ३०० को हकमा समेत) को लागि १० अंक |
| २ | १००० सम्म १५ अङ्क |
| ३ | १५०० सम्म १७ अङ्क |
| ४ | २००० सम्म १९ अङ्क |
| ५ | २००० भन्दा माथि २० अङ्क |

१७.३ वितरण क्षेत्रका आधारमा देहायअनुसार अङ्क दिइनेछः

| क्र.सं. | पत्रिकाको प्रकृति | वितरण क्षेत्रका आधारमा प्राप्त हुने अङ्क |
|---|---|---|
| १ | राष्ट्रिय स्तर | राष्ट्रिय स्तरको वर्गीकरणका लागि सबै प्रदेश समेट्ने गरी प्रति जिल्ला ०.१२९९ अङ्कका दरले बढीमा १० अङ्क दिइनेछ। |
| २ | प्रदेश स्तर | प्रदेश स्तरको वर्गीकरणका लागि कूल अङ्क १० लाई सो प्रदेशमा रहेका जिल्लाको सङ्ख्याले भाग गर्दा आउने भागफललाई वितरण भएका जिल्ला सङ्ख्याले गुणन गर्दा आउने अङ्कनै प्राप्ताङ्क हुनेछ ( जस्तैः १० जिल्ला भएको प्रदेशका निम्ति कुल अङ्क १० लाई जिल्ला सङ्ख्या १० ले भाग गर्दा आउने भागफल १ ले ५ जिल्ला वितरण हुने भए ५ अङ्क, १० जिल्ला वितरण हुने भए १० अङ्क दिइनेछ। |
| ३ | स्थानीय स्तर | स्थानीय स्तरको वर्गीकरणका लागि जिल्लाका कुल स्थानीय तहको सङ्ख्यालाई १० पूर्णाङ्क कायम गरी अङ्क दिइनेछ। |

१८. प्रेस निरीक्षण :

वितरण सङ्ख्या यकिन गर्न काउन्सिल सचिवालय र सम्परीक्षण समितिले (राष्ट्रिय स्तर, प्रदेश स्तर र स्थानीय स्तर) सम्बन्धित प्रेस तथा बजार निरीक्षण गर्न सक्नेछ। प्रेसको स्थलगत निरीक्षण गर्दा निरीक्षण गरिएको पत्रिका जति प्रति प्रकाशित तथा वितरण भएको देखिन्छ, सोही आधारमा वितरण परिमाणको अङ्क प्रदान गरिने छ। समितिले जुनसुकै समयमा पनि प्रेस निरीक्षण गर्न सक्नेछ।
कुनै आवेदकले मूल्याङ्कनलाई प्रभाव पार्ने दृष्टिकोणले वितरण फाराममा यथार्थमा प्रकाशित हुने भन्दा बढी प्रति उल्लेख गरेको कुरा प्रेस निरीक्षण, कागज खपत वा प्रकाशनको कार्यालयमा भएको अन्य विवरणबाट थाहा हुन गएमा सचिवालयबाट प्रस्तुत प्रतिवेदनका आधारमा राष्ट्रियको हकमा ढाँटेको प्रति हजार बराबर ५ (पाँच) अङ्कका दरले, प्रदेशको हकमा ढाँटेको प्रति हजार बराबर ३ (तीन) अङ्कका दरले र स्थानीयको हकमा ढाँटेको प्रति हजार बराबर २ (दुई) अङ्कका दरले यकिन भई पाउने अङ्कबाट घटाई वितरण परिमाणबापतको अङ्क दिइनेछ। त्यस्तै, पसलमा पत्रपत्रिका विक्रीको लागि जाने भनि विवरण बुझाएको तर पत्रपत्रिका जाने नगरेको वा नभए नरहेको पाइएमा त्यस्तो गलत विवरण दिएको हकमासमेत यस्तै किसिमले अङ्क घटाइने छ। धेरै विवरण गलत उल्लेख गर्ने पत्रिकालाई वर्गीकरणमा समावेश गरिने छैन। यसैगरी प्रेस निरीक्षणका क्रममा सहयोग नगर्ने पत्रिकालाई वर्गीकरणमा समावेश गरिने छैन।

**१९. पत्रकार आचारसंहिता :**

पत्रकार आचारसंहिताको पालनाका आधारमा बढीमा २० अङ्कसम्म प्रदान गरिनेछ। आचारसंहिता अनुगमनका क्रममा उल्लङ्घन गरेको देखिएमा नकारात्मक अङ्क दिइने छ। प्रेस काउन्सिल नेपाल अर्न्तगत रहेको पत्रकार आचारसंहिता अनुगमन उपसमितिको निर्णय बमोजिम सिफारिस गरी पठाइएको आधारमा आचारसंहिता बापतको नम्बर कायम हुनेछ।

१. पत्रकार आचारसंहिता, २०७३ को दफा ४ बमोजिमको कर्तव्य निर्वाह बापत बढीमा २० अङ्क दिइने छ। त्यस्तै, दफा ५ ले निषेध गरेको कार्य गरेको आधारमा पत्रिकालाई बढीमा १५ अङ्कसम्म नकारात्मक अङ्क दिइने छ।

२. काउन्सिलको आदेश अवज्ञा गर्ने पत्रपत्रिकालाई देहायबमोजिम बढीमा १५ अङ्कसम्म नकारात्मक अङ्क दिइने छ :

| क्र.सं. | आदेश अवज्ञा हुँदा | नकारात्मक अङ्क |
|---|---|---|
| १ | पहिलो पटक | ५ अङ्क |
| २ | दोश्रो पटक | १० अङ्क |
| ३ | तेश्रो पटक वा सोभन्दा बढी | १५ अङ्क |

३. गाली बेइज्जती वा मानहानीसम्बन्धी मुद्दामा अदालतबाट दोषी प्रमाणित भएमा प्रत्येक पटकका निम्ति ५ अङ्कका दरले बढीमा १० अङ्कसम्म नकारात्मक अङ्क दिइने छ। पुनरावेदन गरेको हकमा पुनरावेदनको फैसला भएर अन्यथा प्रमाणित भएमा बाहेक नकारात्मक अङ्क नै कायम हुनेछ।
४. पत्रकार आचारसंहिताको गम्भीर उल्लङ्घन गरी काउन्सिलले वर्गीकरण नगर्न सिफारिस गरेका पत्रपत्रिकालाई पत्रपत्रिका सम्परीक्षण समितिले वर्गीकरणबाट हटाउनेछ।

**२०. निरन्तरता :** पत्रपत्रिकाहरूलाई निरन्तरतासम्बन्धी अङ्क दिँदा वर्गीकृत भएको प्रत्येक वर्षका लागि ०.५० का दरले बढीमा ५ अङ्क दिइनेछ। तर पहिलो वर्ष वर्गीकरणका निम्ति निवेदन दिने पत्रिकाले कुनै अङ्क पाउने छैन। त्यस्तै, तोकिएबमोजिम न्यूनतम् अङ्कभन्दा बढी अङ्क प्रकाशन गर्ने पत्रिकाले देहाय अनुसार बढीमा ५ अङ्क प्राप्त गर्नेछन्।

| क्र.सं. | पत्रिकाको किसिम | प्राप्ताङ्क |
|---|---|---|
| १ | दैनिक | प्रति अङ्क०.०७७ का दरले अधिकतम् ५ अङ्क |
| २ | अर्ध-साप्ताहिक | प्रति अङ्क०.२०९ का दरले अधिकतम् ५ अङ्क |
| ३ | साप्ताहिक | प्रति अङ्क०.४१७ का दरले अधिकतम् ५ अङ्क |
| ४ | पाक्षिक | प्रति अङ्क१.२५ का दरले अधिकतम् ५ अङ्क |
| ५ | मासिक | प्रति अङ्क२.५० का दरले अधिकतम् ५ अङ्क |
| ६ | द्वैमासिक | प्रति अङ्क२.५० का दरले अधिकतम् ५ अङ्क |

उपरोक्त अनुसारको अङ्क दिँदा वर्गीकरणसम्बन्धी काउन्सिलको अभिलेखलाई आधार मानी दिइनेछ। यदि कुनै पत्रिका विगतमा वर्गीकरण भए पनि बीचमा वर्गीकरणको लागि निवेदन नदिई खण्डित भएको रहेछ भने त्यस्तो पत्रिकाको हकमा पछिल्लो अखण्डित वर्षहरूलाई मात्र गणनामा समावेश गरिनेछ। तर, वर्गीकरणको लागि निवेदन दिएको तर विभिन्न कारणले वर्गीकरणमा समावेश हुन नसकेकोमा खण्डित भएको मानिने छैन।

**२१. आकार र पृष्ठ सङ्ख्या :**

छापाखाना र प्रकाशनसम्बन्धी नियमावली २०४९ को नियम ७ (१) ले विभिन्न पत्रपत्रिकाको न्यूनतम् आकार र पृष्ठ सङ्ख्या देहायबमोजिम निर्धारण गरेको हुँदा सोहीअनुसार प्रकाशन भएको हुनु पर्नेछ :

| क.सं. | पत्रिकाको किसिम | नियमावलीले तोकेको | |
|---|---|---|---|
| | | न्यूनतम् आकार | न्यूनतम् पृष्ठ |
| १ | दैनिक समाचारपत्र | १२" x २१" | ४ |
| २ | अर्ध-साप्ताहिक समाचारपत्र | १०" x १५" | ६ |
| ३ | साप्ताहिक समाचारपत्र | १०" x १५" | ६ |
| ४ | पाक्षिक समाचारपत्र | ०९" x १५" | १२ |
| ५ | मासिक, द्वैमासिक र त्रैमासिक समाचारपत्र | ०९" x १५" | १२ |

नोट : म्यागेजिनको हकमा ७.२५"x१०" आकार वा न्यूनतम् छपाई क्षेत्र २६६० वर्गइन्च र न्यूनतम् ४० पृष्ठ सङ्ख्या हुनु पर्नेछ। त्यस्तै साहित्यिक पत्रिका डिमाइज साइजमा प्रकाशन हुने गरेकोले त्यस्ता पत्रपत्रिका न्यूनतम ४८ पृष्ठ प्रकाशन भएको हुनुपर्नेछ।

भौगोलिक विकटता भएका साथै तोकिएको मापदण्डमा छपाई गर्ने प्रेस नभएको आधार प्रमाणसहित निर्धारित आकार र पृष्ठ सङ्ख्याभन्दा भिन्न आकार र पृष्ठमा प्रकाशित पत्रपत्रिकाको हकमा समितिले आकार र पृष्ठ अनुपातका आधारमा कूल छपाई क्षेत्र (Printing Area) सन्तुलन हुने गरी सचेत गराई मूल्याङ्कनमा समावेश गर्न सक्नेछ।

**२२. छपाई, आकार, तस्विर, साजसज्जा, अनलाइन वेभसाइडः विज्ञले तेस्रो समूह अन्तर्गत छपाई, आकार, तस्विर, साजसज्जा, अनलाइन वेभसाइडका लागि देहायबमोजिम ५ अङ्क दिइने छ :**

| क.सं. | अङ्क प्राप्त हुने आधारहरू | प्राप्ताङ्क |
|---|---|---|
| १ | छपाई | १ अङ्क |
| २ | आकार | १ अङ्क |
| ३ | तस्विर | १ अङ्क |
| ४ | साजसज्जा | १ अङ्क |
| ५ | अनलाइन वेभसाइड | १ अङ्क |

२३. **विषयवस्तु** : विषयवस्तु बापत निम्न पक्षको लेखाजोखा एवं मूल्याङ्कन गरी बढीमा १० अङ्क प्रदान गरिनेछ :

**विषयवस्तुको अङ्क विभाजन**

| विषयवस्तु | |
|---|---|
| समाचारको सत्यता/तथ्यपरकता/स्रोत र विश्वसनीयताका आधार | २ अङ्क |
| समाचार/सवाल (Issue) को राष्ट्रिय, स्थानीय/सामाजिक महत्व/व्यापकता | २ अङ्क |
| समाचार/विश्लेषणमा मौलिकता/नयाँपन र विशिष्टता (Breaking and exclusiveness) | २ अङ्क |

| | |
|---|---|
| खोज/अनुसन्धानमुलकता, विश्लेषण/टिप्पणी आदिमा विधागत र लेखकीय विविधता | २ अङ्क |
| विविधता/समावेशिता | २ अङ्क |

२४. **सम्पादकीय** : सम्पादकीय बापत निम्न पक्षको लेखाजोखा एवं मूल्याङ्कन गरी बढीमा १० अङ्क प्रदान गरिनेछ :

**सम्पादकीयको अङ्क विभाजन**

| | |
|---|---|
| १. राष्ट्रियता, विषयको सान्दर्भिकता र मौलिकता | ५ अङ्क |
| २. प्रस्तुतिमा तर्क, तथ्य र वस्तुपरकता | ५ अङ्क |

२५. **भाषा/प्रस्तुति** : भाषा/प्रस्तुतिबापत देहाय बमोजिम पक्षको लेखाजोखा एवं मूल्याङ्कन गरी बढीमा १० अङ्क प्रदान गरिनेछ :

**भाषा/प्रस्तुतिको अङ्क विभाजन**

| | |
|---|---|
| १. भाषाको समग्रस्तर (शब्दको सही चयन, वाक्य गठनमा शुद्धता, स्पष्टता र सरलता) | २ अङ्क |
| २. सम्पादन | २ अङ्क |
| ३. शीर्षकका निम्ति सही शब्द र आकारको सही छनौट र प्रयोग तथा शीर्षक र प्रस्तुत सामाग्री (पेटबोली) बीचको सामन्जस्य, सान्दर्भिकता, आकर्षण र तथ्यपरकता | २ अङ्क |
| ४. समाचारमा सन्तुलन/विचार प्रस्तुतिमा पाठक/समाजप्रतिको दायित्व/जिम्मेवारीबोध/त्रुटी सच्याउने तत्परता र दोस्रो वा आरोपित पक्षको कथनलाई स्थान दिएको | २ अङ्क |
| ५. भाषिक शिष्टता | २ अङ्क |

विषय विज्ञले माथि उल्लेखित विविध पक्षहरूको मूल्याङ्कन गर्दा पत्रकारिताका मूलभूत सिद्धान्तलाई आधार मानी अनुसूची-६ को ढाँचामा मूल्याङ्कन गरी पेश गर्नु पर्दछ ।

२६. **पत्रपत्रिकालाई विशेष भाषिक सुविधा** : मैथिली, भोजपुरी, अवधि, नेवारी, मगर, गुरुङ, राई, थारु, उर्दू आदि सूचीकृत भएका राष्ट्रभाषामा प्रकाशित हुने पत्रपत्रिकालाई 'भाषा/प्रस्तुति' र 'साजसज्जा/छपाई' मा प्राप्त गरेको अङ्कलाई २ ले गुणन गरेर अङ्क प्रदान गरिनेछ । तर, यसरी दिएको कूल अङ्क पूर्णाङ्कभन्दा बढी हुने छैन । प्रदेश नम्बर दुईमा नेपाली भाषामा प्रकाशन हुने पत्रिका समेतलाई यो सुविधा दिइनेछ ।

२७. **पत्रकारिताको विकासका निम्ति भौतिक पूर्वाधारका दृष्टिले पछि परेका जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिकाका लागि विशेष व्यवस्था** : पत्रकारिताको विकासका निम्ति भौतिक पूर्वाधारका दृष्टिले पछि परेका जिल्लाहरू (अनुसूची-१) बाट प्रकाशित हुने पत्रपत्रिकालाई बिषयवस्तुबापत सम्बद्ध पत्रिकाले प्राप्त गरेको अङ्कलाई २ ले गुणन गरी अङ्क दिइने छ । तर यसरी दिएको कूल अङ्क पूर्णाङ्कभन्दा बढी हुने छैन ।

२८. **महिला, दलित वा शारिरिक अपाङ्गता भएका लागि विशेष व्यवस्था** : महिला, दलित वा शारिरिक अपाङ्गता भएका व्यक्ति सम्पादक रही प्रकाशन भएको पत्रपत्रिकालाई विषयवस्तुबापत सम्बन्धित पत्रिकाले प्राप्त गरेको अङ्कलाई २ ले गुणन गरी अङ्क दिइनेछ । तर यसरी दिएको कुल अङ्क पूर्णाङ्कभन्दा बढी हुने छैन । नेपाल पत्रकार महासंघको सिफारिसमा सम्बद्ध प्रकाशनले त्यस्ता सम्पादकको परिचय खुल्ने कागजात वितरण फारामसाथ संलग्न गर्नु पर्नेछ ।

(द्रष्टब्यः सम्पादक भन्नाले पत्रिकाको सम्पादकीय नेतृत्व गर्ने व्यक्तिलाई बुझिनेछ । सम्पादकीय समूहमा प्रधान सम्पादक र सम्पादक दुबै व्यक्ति रहेको खण्डमा सम्पादकीय नेतृत्व प्रधान सम्पादककोमा निहित रहेको मानिनेछ ।

पत्रपत्रिकाहरूले लेखा परीक्षण प्रतिवेदन, कागज/मसी खरिद गरेको बिल (कर प्रयोजनको) वा प्रेसलाई भुक्तानी गरेको बिल (कर प्रयोजन) को प्रमाणित प्रतिलिपि र कार्यालय, भौतिक साधन स्रोत, श्रमजीवी पत्रकार र कर्मचारीहरूको नामावली एवं उनीहरूलाई भुक्तानी गरेको तलव, कर साथै सामाजिक सुरक्षा कर कट्टी लगायतका विवरण अनिवार्यरुपमा पेश गर्नुपर्ने छ ।

## २९. साहित्यिक एवं भाषाभाषिका पत्रपत्रिकाको मूल्याङ्कन सम्बन्धमा :

विविध साहित्यिक विषयवस्तु र विधालाई समेटी गरिने पत्रकारितालाई नै 'साहित्यिक पत्रकारिता' भनिन्छ । नेपाली पत्रकारिताको सुरुवात नै साहित्यिक पत्रकारिताबाट भएको मानिँदै आएको छ । भाषा र साहित्यलाई अक्षुण्ण राख्ने उद्देश्यले साहित्यक पत्रपत्रिकाहरू प्रकाशित हुँदै आएका छन् । तिनले प्राज्ञिक र साहित्यिक स्रष्टा उत्पादनशालाको भूमिका खेल्दै आएका छन् । समाजसँग संवाद गर्ने कलात्मक सञ्चार सौन्दर्य साहित्यिक विधामा रहेको हुन्छ । जसको प्रवर्द्धनका लागि विगत अनुभवलाई दृष्टिगत गरी विज्ञसँगको परामर्श र सरोकार पक्षको सुझावका आधारमा प्रेस काउन्सिल नेपालले साहित्यिक पत्रपत्रिका वर्गीकरण गर्न भूमिका निर्वाह गरेको छ ।

त्यस्तै, विभिन्न जातजाति र समुदायले बोल्ने आ-आफ्ना जातीय भाषालाई नै राष्ट्रभाषा (मातृभाषा) भनिन्छ । जसलाई भाषाभाषिका पनि भन्न सकिन्छ । यसै अनुरुप विभिन्न भाषाभाषिकालाई प्रवर्द्धन गर्ने उद्देश्यले प्रकाशित त्यस्ता पत्रपत्रिकालाई समेत वर्गीकरण गरी विभिन्न सुविधा उपलब्ध हुँदै आएको छ ।

अन्य पत्रपत्रिकाभन्दा साहित्यिक र भाषाभाषिका पत्रपत्रिकाको प्रकृति फरक भएकोले देहायअनुसार मूल्याङ्कनको प्रमुख आधार निर्धारण गरेको छ ।

### २९.१ मूल्याङ्कनको प्रमुख आधार

साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिकाको सम्परीक्षण मूल्याङ्कन गर्दा देहाय बमोजिम कूल १०० अङ्कका आधारमा गरिनेछ :

**२९.२ वितरण सङ्ख्या र क्षेत्र:** वितरण भएको सङ्ख्या र क्षेत्रको आधारमा बढीमा २० अङ्क दिइने छ । वितरण सङ्ख्या बापत १५ र क्षेत्र बापत ५ अङ्क प्रदान गरिने छ । अङ्क प्रदान गर्दा लिइने आधारहरू :

**(क) राष्ट्रिय स्तरमा आवेदन दिनेको हकमा :**

५०० प्रति सम्मको वितरणमा १० अङ्क र सो भन्दा बढी वितरण हुनेको लागि प्रति १०० अङ्कको ०.५ का दरले बढीमा ५ अङ्क । त्यसको लागि १५० स्थानमा वितरण गरेकोमा ५ अङ्क र सो भन्दा कम भएमा आनुपातिक रूपमा दिइनेछ ।

**(ख) प्रदेश स्तरमा आवेदन दिनेको हकमा:**

३०० प्रति सम्मको वितरणमा १० अङ्क र सो भन्दा बढी वितरण हुनेको लागि प्रति १०० अङ्कको १ का दरले बढीमा ५ अङ्क । त्यसको लागि १०० स्थानमा वितरण गरेकोमा ५ अङ्क र सो भन्दा कम भएमा आनुपातिक रूपमा दिइनेछ ।

**(ग) स्थानीय स्तरमा आवेदन दिनेको हकमा:**

३०० प्रति सम्मको वितरणमा १२ अङ्क र सो भन्दा बढी वितरण हुनेको लागि प्रति १०० अङ्कको १.५० का दरले बढीमा ३ अङ्क । त्यसको लागि ५० स्थानमा वितरण गरेकोमा ५ अङ्क र सो भन्दा कम भएमा आनुपातिक रूपमा दिइनेछ ।

२९.३ **पत्रकार आचारसंहिताः** पत्रकार आचारसंहिताको पालनाका आधारमा बढीमा २० अङ्कसम्म प्रदान गरिनेछ। आचारसंहिता अनुगमनका क्रममा उल्लङ्घन गरेको देखिएमा नकारात्मक अङ्क दिइने छ। उक्त नम्बर आचारसंहिता अनुगमन उपसमितिबाट सिफारिस भए बमोजिम हुनेछ।

**सचिवालयको मूल्याङ्कनः**

सचिवालयबाट देहाय बमोजिम ४० अङ्क प्रदान गरिनेछः

| क्र.सं. | पत्रिकाको नाम | वितरण सङ्ख्या र क्षेत्र | निरन्तरता/जेष्ठता | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | | २० | १० | ३० | |

२९.४ **निरन्तरता/जेष्ठताः**

साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिका प्रकाशनको दृष्टिकोणले ऐतिहासिक पृष्ठभूमि, जेष्ठता र निरन्तरता बापतको अङ्क पहिलो १० वर्षको हकमा प्रत्येक वर्षको लागि ०.५ का दरले ५ अङ्क र त्यसपछिको प्रत्येक वर्षको लागि ०.२५ का दरले ५ अङ्क गरी बढीमा १० अङ्कसम्म प्रदान गरिनेछ।

२९.५ **विशेषज्ञ मूल्याङ्कनः**

सम्परीक्षण समितिले विशेषज्ञ नियुक्त गरी तोकिएको मापदण्ड बमोजिम साहित्यिक र भाषाभाषिका पत्रपत्रिकाको मूल्याङ्कन गराइने छ। विशेषज्ञ मूल्याङ्कनबाट देहायबमोजिम ५० अङ्क प्रदान गरिनेछः

| क्र.सं. | पत्रिकाको नाम | विषयवस्तु | भाषा प्रस्तुति र शुद्धाशुद्धि | सम्पादकीय | छपाइ, आकार, तस्बीर, साजसज्जा, अनलाइन वेभसाइड | स्तरीयता, मौलिकता र विषय विविधता | जम्मा पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | १५ | १० | ५ | ५ | १५ | ५० | | |

२९.६ **मूल्याङ्कन र वर्गीकरणका अन्य प्रावधान :**

(क) राष्ट्रिय स्तरको वर्गीकरणमा भाग लिन सम्बन्धित साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिका कम्तीमा पनि ५०० प्रति प्रकाशित भएको हुनुपर्नेछ । त्यस्ता पत्रपत्रिका विभिन्न प्रदेशका पुस्तकालय, साहित्यिक/भाषाभाषिका संस्था/प्रतिष्ठान, व्यक्ति र कार्यक्रमस्थल गरी कम्तीमा १५० स्थानमा वितरण गरेको हुनुपर्नेछ।

(ख) प्रदेश र स्थानीय स्तरको वर्गीकरणमा भाग लिन सम्बन्धित साहित्यिक तथा भाषाभाषिका पत्रिका कम्तीमा पनि ३०० प्रति प्रकाशित भएको हुनुपर्नेछ । त्यस्ता साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिका सम्बन्धित प्रदेश/जिल्लाका पुस्तकालय, साहित्यिक एवं भाषाभाषिका संस्था/प्रतिष्ठान, व्यक्ति र कार्यक्रमस्थल गरी क्रमशः कम्तीमा १०० र ५० स्थानमा वितरण गरेको हुनुपर्नेछ।

(ग) साहित्यिक पत्रपत्रिकामा विज्ञापन र प्रचार सामग्री बाहेक अनिवार्य रूपमा साहित्यिक लेख, रचना र सिर्जनात्मक सामग्री प्रकाशित भएको हुनुपर्नेछ। यसै अनुरूप **सङ्गीत, कला, र संस्कृति** प्रधान पत्रपत्रिकाको पनि वर्गीकरण गरिनेछ।

(घ) न्यूनतम् भन्दा बढी पृष्ठ प्रकाशित गर्ने साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिकालाई प्रोत्साहन स्वरुप अतिरिक्त ५ अङ्क प्रदान गरिने छ। यस्तो अङ्क विषयवस्तु, छपाइ र आकारको अधीनमा रहेर प्रदान गरिनेछ।

(ङ) साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिकाको वर्गीकरणका लागि मूल्याङ्कन सम्बन्धित क्षेत्रका विज्ञमध्येबाट गराइनेछ।

(च) साहित्यिक पत्रपत्रिकाको रूपमा वर्गीकरणको लागि आवेदन दिएपनि मूल्याङ्कनमा गैरसाहित्यिक सामग्री देखिए भने त्यस्ता पत्रिकालाई साहित्यिक पत्रपत्रिकाको रूपमा वर्गीकरणमा समावेश गरिने छैन।

(छ) साहित्यिक एवं भाषाभाषिका विधागत, अनुसन्धानात्मक र विशिष्ट सिर्जनात्मक सामग्री समेटी विशेषाङ्क प्रकाशित गर्ने पत्रपत्रिकालाई प्रोत्साहित गरिनेछ।

साहित्यिक र भाषाभाषिक पत्रपत्रिकाको विषय विज्ञले माथि उल्लेखित विविध पक्षहरूको मूल्याङ्कन गर्दा पत्रकारिताका मूलभूत सिद्धान्तलाई आधार मानी अनुसूची-७ को ढाँचामा मूल्याङ्कन गरी पेश गर्नु पर्दछ।

३०. **मूल्याङ्कन विधि** : विशेषज्ञले पत्रपत्रिकाको मूल्याङ्कन गर्दा सामान्यतः नमूना छनोट विधि अवलम्बन गर्नेछ। विभिन्न पत्रपत्रिकाहरूको नमूना छनोट गर्दा देहायअनुसार वा समितिले निर्धारण गरे बमोजिम गर्न सकिनेछ :

| | |
|---|---|
| दैनिक | कम्तिमा ६ अङ्क प्रति महिना |
| अर्धसाप्ताहिक | कम्तिमा ४ अङ्क प्रति महिना |
| साप्ताहिक | कम्तिमा २ अङ्क प्रति महिना |
| पाक्षिक | सबै अङ्क |
| मासिक | सबै अङ्क |
| द्वैमासिक | सबै अङ्क |
| त्रैमासिक | सबै अङ्क |

३१. **एकभन्दा बढी पत्रिकाले भाषागत हिसाबले अक्षरशः एउटै सामग्री प्रकाशन गरेको देखिएमा त्यस्ता पत्रपत्रिकाहरूलाई मूल्याङ्कनमा समावेश नगर्ने व्यवस्था** : दुई वा सोभन्दा बढी पत्रपत्रिका (पत्रपत्रिका र अनलाइन समेत) को सम्पादकीय वा समाचार सामग्री अक्षरशः एउटै (हुबहु) प्रकाशन भएको देखिएमा कुन पत्रिका पहिले प्रकाशित भएको हो भन्ने यकीन गरेर अर्को (पत्रपत्रिकाका वा अनलाइनमा प्रकाशित सामग्री स्रोत नखुलाइकन अक्षरशः छाप्ने) पत्रपत्रिकालाई मूल्याङ्कनमा समावेश गरिने छैन। अति साभार गर्ने पत्रपत्रिकाहरुलाई पनि मूल्याङ्कनमा समावेश गरिने छैन।

३१.१ मासिक, पाक्षिक वा सोभन्दा बढी अवधिमा प्रकाशित हुने पत्रपत्रिकाहरूको हकमा १ वर्षसम्मको कुनै पनि २ वा सोभन्दा बढी अङ्कमा हुबहु देखिएमा वर्गीकरणमा समावेश गरिने छैन।

३१.२ अर्ध-साप्ताहिक, साप्ताहिक पत्रिकाहरूको हकमा कुनै पनि ५ वा सोभन्दा बढी अङ्कमा, प्रकाशित समाचारहरू भाषागत हिसाबले हुबहु वा अक्षरशः वा जस्ताको तस्तै मिलेको देखिई त्यस्ता सामग्रीको स्रोत नखुलेको देखिएमा त्यस्ता पत्रपत्रिकालाई मूल्याङ्कनमा समावेश गरिने छैन।

३१.३ दैनिक पत्रपत्रिकाका हकमा एक वर्षमा कुनै १२ वा सोभन्दा बढी अङ्कमा प्रकाशित समाचारहरू भाषागत हिसाबले हुबहु वा अक्षरशः वा जस्ताको तस्तै मिलेको देखिई त्यस्ता समाचार सामग्रीहरूको स्रोत नखुलेको देखिएमा त्यस्ता पत्रपत्रिकालाई मूल्याङ्कनमा समावेश गरिने छैन।

३१.४ यसरी हुबहु गर्ने पत्रिका वा अनलाइनमा कुन पहिले प्रकाशन भएको हो भन्नेमा द्विविधा भएमा वा प्रकाशित अङ्कमा पहिलेको मिति जनाइए पनि बजारमा पछि पुगेको दावीका कारण विवाद उत्पन्न भएमा छानबिन गरी ठहरेबमोजिम हुनेछ।

३१.५ माथि उल्लेखित बुदाँहरूमा अन्यथा उल्लेख भएतापनि पत्रिका मूल्याङ्कनमा हुबहु परेको प्रतिवेदन प्राप्त भएको तर पत्रिकाको प्रकाशन अबधि, प्रकाशक/सम्पादकको क्रियाशीलता, निरन्तरता, जेष्ठता, समावेशीता आदिका आधारमा नियमित रुपमा सञ्चालनमा सहजताको लागि एक पटकको हकमा सच्चिने मौका दिई गल्ती कमजोरी स्वीकारेको हकमा काउन्सिलले न्यूनतम् वर्ग कायम गर्न सक्नेछ।

३१.६ वर्गीकरणको नतिजा प्रकाशन भएपछि कुनै पत्रिकाको हकमा आधार प्रमाणसहित उक्त पत्रिका वर्गीकरणमा पर्न योग्य छैन भनि उजुरी/निवेदन परेको खण्डमा छानवीन हुँदा वर्गीकरणमा समावेश हुन योग्य रहेनछ भन्ने ठहर भएमा वर्गीकरणबाट अलग गर्न सकिने छ।

३२. **निश्चित सीमाभन्दा बढी वा घटी अङ्क दिँदा कारण उल्लेख गर्नुपर्ने व्यवस्था** : विषयवस्तु, भाषा/प्रस्तुति, साजसज्जा/छपाई र आचारसंहिताको मूल्याङ्कनगरी अङ्कदिँदा कुनै पत्रिकालाई शीर्षक वा उपशीर्षकमा छुट्याइएको कूल अङ्कको २०

प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी अङ्कदिनुपर्ने अवस्था देखिएमा परीक्षक/विशेषज्ञले सोको स्पष्ट र ठोस कारणसमेत उल्लेख गर्नु पर्नेछ ।

३३. **स्तर परिवर्तन :** सामान्यतयाः जुन स्तरको लागि आवेदन गरेको हो सोही स्तरमा वर्गीकरण गरिनेछ तर सम्बन्धित पत्रिकाले पेश गरेको फाराम अनुसारको वितरण सङ्ख्या, बजार निरीक्षण तथा अन्य विभिन्न श्रोतबाट प्राप्त सूचनाको आधारमा सो पत्रिका आवेदन गरे अनुरुपको स्तरमा वर्गीकरण हुन योग्य नरहेमा स्तर (राष्ट्रिय, प्रदेश र स्थानीय) परिवर्तन गरी वर्गीकरण कायम गर्न सकिनेछ ।

३४. **मूल्याङ्कन प्रतिवेदन निर्माण :** विशेषज्ञले मूल्यांकनको लिखित प्रतिवेदन तोकिएको ढाँचामा वितरण सम्परीक्षण समितिमा पेश गर्नेछन् । सचिवालयबाट गरिने मूल्यांकन, आचारसंहिताबापत प्राप्त अङ्कसम्बन्धी प्रतिवेदन र विशेषज्ञको प्रतिवेदनलाई एकत्रित गरी वितरण सम्परीक्षण समितिले वितरण सम्परीक्षणको प्रतिवेदन तयार गर्नेछ ।

३५. **सार्वजनिक गर्ने व्यवस्था :** वितरण सम्परीक्षण समितिले तयार गरेको पत्रपत्रिकाको वर्गीकरण मूल्याङ्कन प्रतिवेदन प्रेस काउन्सिल नेपालमार्फत नेपाल सरकारलाई बुझाई सार्वजनिकसमेत गर्नु पर्नेछ ।

३६. **पुनर्योग/पुनःमूल्यांकनको व्यवस्था :** सार्वजनिक भएको वर्गीकरणको निर्णयमा चित्त नबुझे पुनर्योग/पुनःमूल्याङ्कनका लागि १५ दिनभित्र सम्परीक्षण समितिको सचिवालयमा निवेदन दिन सकिनेछ ।

३७. **पुनर्योग/पुनःमूल्याङ्कन शुल्क :** पत्रपत्रिका वर्गीकरणको परिणाम र प्राप्ताङ्क सम्बन्धमा चित्त नबुझी पुनर्योग/पुनःमूल्याङ्कनका लागि निवेदन दिन चाहेमा नतिजा सार्वजनिक भै सूचना प्रकाशित भएको मितिले १५ दिन र दोब्बर दस्तुरसहित थप सात दिनभित्र शुरुमा निवेदन दिँदाको दस्तुरको पच्चीस प्रतिशत दस्तुरसहित पुनर्योग/पुनःमूल्याङ्कन समितिसमक्ष निवेदन दिन सकिनेछ ।

३८.**पुनर्योग/पुनःमूल्याङ्कन समिति :** पुनर्योग/पुनःमूल्याङ्कनका लागि प्राप्त निवेदन उपर छानविन गर्न काउन्सिलले काउन्सिल सदस्य र विशेषज्ञहरूमध्येबाट बढीमा ३ सदस्यीय समिति गठन गर्नेछ । सो समितिले पुनर्योग/पुनःमूल्याङ्कनको सूचना प्रकाशन भएको मितिले १ महिनाको कार्य अवधिभित्र पुनर्योग/पुनःमूल्याङ्कन कार्य सम्पन्न गरी वर्ग घटबढ् भएको विवरण एकिन गरी काउन्सिलसमक्ष प्रतिवेदन पेश गर्नेछ । यसरी प्रतिवेदन पेश गर्नुअघि वितरण सम्परीक्षण समितिको परामर्श लिनु पर्नेछ । नतिजा स्थगन भएका पत्रपत्रिकाको निवेदन प्राप्त भएको हकमा वितरण सम्परीक्षण समितिले नै छानवीन गरी वर्गीकरण गर्नुपर्ने भए गरी पेश गर्नु पर्नेछ ।

३९. **विवरण उपलब्ध हुने :** पत्रपत्रिका मूल्याङ्कन प्रतिवेदन सार्वजनिक भइसकेपछि सम्बन्धित पत्रिकाका आधिकारिक व्यक्तिले आफ्नो प्रकाशनको मूल्यांकनको विस्तृत विवरण लिन चाहेमा लिखितरुपमा माग गर्नु पर्नेछ । त्यस्तो निवेदन प्राप्त भएको खण्डमा सम्वन्धित व्यक्तिलाई शःशुल्क विवरण उपलब्ध गराउन सकिने छ ।

४०. **प्रमाणपत्र दिने व्यवस्था :** वर्गीकरणमा परेका पत्रत्रिकाहरूलाई प्रमाणपत्र दिइनेछ । सम्परीक्षण फाराम भर्दा अघिल्लो वर्षको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

४१. **समकक्षता निर्धारण** : वर्गीकरणको समकक्षता देहायअनुसार हुनेछ :

समकक्षता निर्धारण तालिका

| राष्ट्रिय स्तर | प्रदेश स्तर | स्थानीय स्तर |
|---|---|---|
| क | - | - |
| ख | क | - |
| ग | ख | क |
| घ | ग | ख |
| - | घ | ग |

४२. **स्पष्टता, व्याख्या र लागु :**

४१.१ यो मापदण्डको कुनै विषयको सम्बन्धमा व्याख्या गर्ने अधिकार वितरण सम्परीक्षण समितिलाई रहने छ । त्यस्तो व्याख्या भएको खण्डमा सो व्यहोरा काउन्सिललाई जानकारी गराउनु पर्नेछ ।

४१.२ मापदण्डका कुनै प्रावधान परिमार्जन गर्नुपर्ने भएमा वर्गीकरणको आवेदन फाराम भर्नुअघि परिमार्जन भएको हकमा मात्र सो वर्षको लागि लागु हुनेछ । अन्यथा सो वर्षका लागि लागु हुनेछैन ।

४१.३ यो मापदण्ड स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

## अनुसूची-१

### (पत्रकारिताको विकासका निम्ति भौतिक पूर्वाधारका दृष्टिले पछि परेका ३२ जिल्लाहरु)

पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, ओखलढुंङ्गा, खोटाङ, दोलखा, रामेछाप, गुल्मी, अर्घाखाँची, रसुवा, मनाङ, मुस्ताङ, रुकुम पूर्व, रुकुम पश्चिम, रोल्पा, सल्यान, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु, हुम्ला, बझाङ, बाजुरा, डोटी, अछाम, दार्चुला र बैतडी ।

अनुसूची-२
(राष्ट्रिय स्तरको आवेदन फाराम)

अनुसूची-३
(प्रदेश स्तरको आवेदन फाराम)

अनुसूची-४
(स्थानीय स्तरको आवेदन फाराम)

अनुसूची-५
(साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिकाको आवेदन फाराम)

अनुसूची-६
पत्रपत्रिका मूल्याङ्कन फाराम (विशेषज्ञको प्रयोजनार्थ)
आर्थिक वर्ष २०७..../०७.....

पत्रिकाको नाम : किसिम : महिना र गते :
नमूना सङ्ख्या :
विशेषज्ञको कोड नं.: पत्रिका फाइल नं.:

(क) **विषयवस्तु :**
विषयवस्तु बापत निम्न पक्षको लेखाजोखा एवं मूल्याँकन गरी बढीमा १० अङ्कप्रदान गरिनेछ :

| क्र.सं. | विषयवस्तु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत/टिप्पणी |
|---|---|---|---|---|
| १ | समाचारको सत्यता/तथ्यपरकता/स्रोत र विश्वसनीयताका आधार | २ | | |
| २ | समाचार/सवाल (Issue)को राष्ट्रिय, स्थानीय/सामाजिक महत्व/व्यापकता | २ | | |
| ३ | समाचार/विश्लेषणमा मौलिकता/नयाँपन र विशिष्टता (Breaking and exclusiveness) | २ | | |
| ४ | खोज/अनुसन्धानमुलकता, विश्लेषण/टिप्पणी आदिमा विधागत र लेखकीय विविधता | २ | | |
| ५ | विविधता/समावेशिता | २ | | |
| **जम्मा** | | १० | | |

(ख) **भाषा/प्रस्तुति :**
भाषा/प्रस्तुति बापत देहायका पक्षहरूको लेखाजोखा एवं मूल्याँकन गरी बढीमा ५ अङ्क प्रदान गरिनेछ :

| क्र.सं. | विषयवस्तु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत/टिप्पणी |
|---|---|---|---|---|
| १ | भाषाको समग्रस्तर (शब्दको सही चयन, वाक्य गठनमा शुद्धता, स्पष्टता र सरलता) | १ | | |
| २ | सम्पादन | १ | | |
| ३ | शीर्षकका निम्ति सही शब्द र आकारको सही छनौट र प्रयोग तथा शीर्षक र प्रस्तुत सामाग्री (पेटबोली)बीचको सामन्जस्य, सान्दर्भिकता, आकर्षण र तथ्यपरकता | १ | | |
| ४ | समाचारमा सन्तुलन/विचार प्रस्तुतिमा पाठक/समाजप्रतिको दायित्व/जिम्मेवारीबोध/त्रुटी सच्याउने तत्परता र दोस्रो वा आरोपित पक्षको कथनलाई स्थान दिएको | १ | | |
| ५ | भाषिक शिष्टता | १ | | |
| **जम्मा** | | ५ | | |

(ग) **सम्पादकीय** : सम्पादकीय बापत निम्न पक्षको लेखाजोखा एवं मूल्याङ्कनगरी बढीमा १० अङ्कप्रदान गरिनेछ :

| सम्पादकीय | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| १. राष्ट्रियता, विषयको सान्दर्भिकता र मौलिकता | ५ | |
| २. प्रस्तुतिमा तर्क, तथ्य र वस्तुपरकता | ५ | |
| जम्मा | १० | |

केही प्रतिक्रिया भए:

(घ) छपाई, साइज, तस्विर, साजसज्जा, अनलाइन वेभसाइट :

| छपाई, साइज, तस्विर, साजसज्जा, अनलाइन वेभ : | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| १. छपाई | १ | |
| २. साइज | १ | |
| ३. तस्विर | १ | |
| ४. साजसज्जा | १ | |
| ५. अनलाइन वेभसाइट | १ | |
| जम्मा | ५ | |

(ङ) **खोजी, मौलिकता र विविधताः समाचार, लेखसहितका सामग्रीमा खोजी, मौलिकता र विविधता बापत निम्न पक्षको लेखाजोखा एवं मूल्याङ्कनगरी बढीमा ५ अङ्कप्रदान गरिनेछ :**

| खोजी, मौलिकता र विविधता | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| १. समाचार/विश्लेषणमा मौलिकता/नयाँपन र विशिष्टता | ५ | |
| २. खोज/अनुसन्धानमूलकता; समाचार विश्लेषण/ टिप्पणी आदिमा विधागत र लेखकीय विविधता | ५ | |
| जम्मा | १० | |

| | | | |
|---|---|---|---|
| कुल जम्मा | ४० | | |

**नोटः खोज/अनुसन्धानमूलकता; समाचार विश्लेषण/टिप्पणी आदिमा विधागत र लेखकीय विविधता को मूल्याङ्कन :**
खोज/अनुसन्धानमूलकता : समाचार विश्लेषण/टिप्पणी आदिमा विधागत र लेखकीय विविधताको अन्तरवस्तु विविधता मूल्याङ्कनगरी दिइने १० **पूर्णाङ्क** मा २० प्रतिशतभन्दा कम भएमा १ अ॰क, ३० प्रतिशतसम्मको लागि २, ४० प्रतिशतसम्मको लागि ३, ५० प्रतिशतसम्मको लागि ४, ६० प्रतिशतसम्मको लागि ५, ७० प्रतिशतसम्मको लागि ६, ८० प्रतिशतसम्मको लागि ८ र ८० प्रतिशतभन्दा बढी भएमा १० अ॰क प्रदान गरिनेछ ।

| | |
|---|---|
| भौतिक पूर्वाधारले पछि परेको जिल्ला भए नाम उल्लेख गर्ने | |
| सम्पादक महिला/दलित/अपाङ्गता भए उल्लेख गर्ने | |
| नेपाली वाहेक अन्य भाषामा प्रकाशित भए कुन भाषा हो, उल्लेख गर्ने | |

| | कमजोर | सामान्य | उत्तम | अतिउत्तम |
|---|---|---|---|---|
| पत्रकार आचारसंहिता पालनाको समग्र अवस्था | | | | |

पत्रकार आचारसंहिताका विषयमा केही सुझाव/प्रतिक्रिया भए उल्लेख गर्ने ।

विशेषज्ञको कोड नम्वरः
दस्तखतः

मुद्रणः
मितिः

अनुसूची-७

पत्रपत्रिका मूल्याङ्कन फाराम ( साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिकाको)

(विशेषज्ञको प्रयोजनार्थ)

आर्थिक वर्ष २०७..../०७.....

पत्रिकाको नाम : किसिम : महिना र गते :

नमूना सङ्ख्या :

विशेषज्ञको कोड नं.: पत्रिका फाइल नं.:

विशेषज्ञले निम्न पक्षको लेखाजोखा एवं मूल्याँकन गरी बढीमा ५० अङ्कप्रदान गरिनेछ :

| क्र.सं. | विषयवस्तु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत/टिप्पणी |
|---|---|---|---|---|
| १ | विषयवस्तु | १५ | | |
| २ | भाषा प्रस्तुति र शुद्धाशुद्धि | १० | | |
| ३ | सम्पादकीय | ५ | | |
| ४ | छपाइ, आकार, तस्बीर, साजसज्जा, अनलाइन वेभसाइड | ५ | | |
| ५ | स्तरीयता, मौलिकता र विषय विविधता | १५ | | |
| | जम्मा | ५० | | |

| | |
|---|---|
| भौतिक पूर्वाधारले पछि परेको जिल्ला भए नाम उल्लेख गर्ने | |
| सम्पादक महिला/दलित/अपाङ्गता भए उल्लेख गर्ने | |
| प्रकाशित भएको कुन भाषा ( मातृभाषा) हो, उल्लेख गर्ने | |

| | कमजोर | सामान्य | उत्तम | अतिउत्तम |
|---|---|---|---|---|
| पत्रकार आचारसंहिता पालनाको समग्र अवस्था | | | | |

पत्रकार आचारसंहिताका विषयमा केही सुझाव/प्रतिक्रिया भए उल्लेख गर्ने ।

विशेषज्ञको कोड नम्वर: मुद्रण:

दस्तखत: मिति: